खावासाकी अन्तर्राष्ट्रिय संघ

# KIAN हेल्लो खावासकी

**जापानी, अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग, भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज**

संघको होम पेज(https://www.kian.or.jp/hlkwsk.html)मा हेर्नुहोस्।

खावासाकी अन्तर्राष्ट्रिय संघ 2-2 किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, 211-0033,जापान

फोन नं::044-435-7000 फ्याक्स नं:044-435-7010 https://www.kian.or.jp/ ईमेल：kiankawasaki@kian.or.jp

*********************************************************************************

## विदेशीहरुको लागि 「नगरपालिकाले दिने आवास」आवेदन फाराम भर्ने तरिका सिकाउने कार्यक्रम

नगरपालिकाले दिने आवासको लागि आवेदन दिन चाहने, तर फारम भर्ने तरिका थाहा नभएका व्यक्तिहरूलाई आवेदन भर्न सिकाइनेछ, र साथसाथै ती व्यक्तिहरूलाई फारम भरी र पेश गर्न मद्दत पनि गरिनेछ।

(अंग्रेजी, चाइनिज, पोर्तुगाली, स्पेनिश, तागालोग, थाई, नेपाली र भिएतनाम भाषामा अनुवाद गर्ने स्टाफ उपस्थित हुनेछन्।)

नि:शुल्क



**मिति र समय : जुन 14 तारिख (शनि) 10 : 00 ～ 12 : 00**

**स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र, पहिलो तल्लाको 2 नं मिटिंग कोठा**

**आवेदन : जुन 11 तारिख (बुध) 16 : 30 सम्ममा फोन गर्नुहोला, अथवा केद्रमा आउनु होला।**

**फोन : 044-435-7000 ईमेल：**kiankawasaki@kian.or.jp

सार्वजनिक आवास: यो राष्ट्रिय र स्थानीय सरकारहरूको सहकार्यबाट निर्माण गरिएको र नगरपालिकाको स्वामित्वमा रहेको आवास हो, जसको उद्‌देश्य आवास को समस्या र कम आय भएका व्यक्तिहरूलाई कम भाडामा बस्नको लागि अवसर प्रदान गर्नु हो। निजी आवासको तुलनामा, यसमा रेकिकिन (ओनर लाइ दिने रकम ) वा नवीकरण शुल्क लाग्दैन। यद्‌यपि, आवेदन गर्दा र बसाइँ सरेपछि आय मापदण्ड जस्ता विभिन्न नियमहरू लागू हुन्छन्। तपाईंको आम्दानी प्रत्येक वर्ष सर्वेक्षण गरिन्छ र त्यसको आधारमा भाडा निर्धारण गरिन्छ।

आवेदन दिनको लागि योग्यता :

(1) उमेर १८ वर्ष वा त्योभन्दा माथि हुनु पर्ने।

(2) नगरपालिका भित्र बसोबास गरेको हुनु पर्ने, वा एक वर्षदेखि उक्त नगरपालिका भित्रको कम्पनीहरूमा काम गरेको हुनु पर्ने।

(3) मासिक आम्दानी तोकिएको रकमभन्दा कम हुनु पर्ने।

(4) बस्नको लागि स्थान खोज्न समस्या भएको हुनु पर्ने।





*********************************************************************************

## विदेशीहरुको लागि रमाईलो र उपयोगी जापानिज भाषाको कक्षा

・सानो समूह बनाएर पढाईन्छ।




### बिहानको कक्षा प्रत्येक मंगलबार र शुक्रबार बिहान 9:50 देखि 11:50 सम्म

पहिलो सेमेस्टर 11 अप्रिल (शुक्रबार) ～ 11 जुलाई (शुक्रबार) (24 पटक) 13,000 येन

दोस्रो सेमेस्टर 12 सेप्टेम्बर (शुक्रबार) ～21 नोभेम्बर (शुक्रबार) (20 पटक) 11,000 येन

तेस्रो सेमेस्टर 2026 साल 13 जनवरी (मंगलबार) ～ 10 मार्च (मंगलबार) (17 पटक) 9,350 येन

※1 वर्ष माथिको बच्चाहरु नि:शुल्क हेरिदिने सुबिधा उपलब्ध छ ।

### रातिको कक्षा प्रत्येक बुधबार साँझ 6:30 देखि 8:30 सम्म

पहिलो सेमेस्टर 9 अप्रिल ～ 30 जुलाई (बुधबार) (16 पटक) 8,800 येन

दोस्रो सेमेस्टर 3 सेप्टेम्बर ～ 12 अक्टुबर (बुधबार) (11 पटक) 6,050 येन

तेस्रो सेमेस्टर 14 जनवरी～ 18 मार्च (बुधबार) (9 पटक) 4,950 येन

※ बच्चा हेरिदिने सुविधा छैन । ※पाठ्यपुस्तक शुल्क अलग्गै लाग्नेछ।




स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र सम्पर्क :खावासाकी अन्तर्राष्ट्रिय संघ

फोन नं. : 044-435-7000 ईमेल : kiankawasaki@kian.or.jp

※तालिका परिवर्तन हुन सक्छ। कृपया आवेदन दिदा चेक गर्नुहोला।

नि:शुल्क

# बोच्च्या (Boccia) मार्फत बहुसांस्कृतिक आदानप्रदान



मिति : मे 17 तारिख (शनि) 10:00 ～ 12:00
स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र, हल
लक्षित व्यक्ति : लिमेन्टरी स्कूल विद्यार्थी भन्दा माथिको, जुनै देशको नागरिक भएपनि हुने
लिने संख्या : 24 जना जति (पहिलो निबेदन दिनेलाई प्राथमिकता दिईनेछ)
निबेदन : निवेदन फर्म बाट निवेदन दिनु होला। (अप्रिल 1 (मंगल) बाट निवेदन लिन शुरु गरिनेछ। )
सम्पर्क : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र
फोन : 044—435-7000 ई-मेल : kiankawasaki@kian.or.jp

*****************************************************************************

## खावासाकी शहर साकुरा (चेरी फूल) हेर्न लायक ठाउँहरु

खावासाकी शहरमा हेर्न लायकका धेरै पार्क र हरियाली ठाउँहरू छन्। तीमध्ये हामी केहि स्थानहरू परिचय गराउँदैछौं जहाँ चेरी फूलहरू विशेष गरी सुन्दर छन्। पक्कै पनि नछुटाउनुहोस्।



**युमेमिगासाकी चिडियाखाना पार्क (Yumemi Zoo) (साइवाइ-कु・जे आर सिनखावासाकी स्टेशन अथवा कासिमादा स्टेशन)**

चिडियाखानाभित्र विभिन्न स्थानहरूमा चेरी फूलहरू रोपिएका छन्, जहाँ तपाईं एकै समयमा जनावरहरू र चेरी फूलहरूको आनन्द लिन सक्नुहुन्छ। सोमी योशिनो र जंगली चेरी रूखहरू सहित लगभग 400 जति रूखहरू छन्।

**सुमियोशि चेरी फूल (Sakura Sumiyoshi) (नाकाहारा-कु / टोक्यु टोयोको लाइन वा टोक्यु मेगुरो लाइन, मोतोसुमियोशी स्टेशन)**

फूलहरू नदीमा मिसिने खालको साकुराका रूखहरूको लहरै फैलिएका छन्। योशिनो साकुराका रूखहरू शिबु नदीको किनारमा लगभग 2 किलोमिटरसम्म फुलेका हुन्छन्। नजिकैको नाकाहारा पीश पार्कमा पनि साकुरा फूलहरूको दृश्यको आनन्द लिन सक्नुहुन्छ। यहाँ लगभग 250 योशिनो चेरी रूखहरू छन्।

**निकार्योउ योसुइ कानल (Nikaryo Yosui Canal) (तामा वार्ड ・JR नाम्बु लाइन "स्युकुगावारा स्टेशन" बाट लगभग 2 मिनेट पैदल)**

इडो कालमा निर्मित ऐतिहासिक सिँचाइ नहरहरू र नहरको छेउमा लगभग 2 किलोमिटरसम्म 400 वटा चेरीका रूखहरूको लहरै फैलिएका छन्।

*****************************************************************************

## खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

**केहि प्रश्न भएमा अथवा तपाइलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोला। (नि:शुल्क)**

ZOOM **प्रयोग गरेर अनलाइन परामर्श लिन सकिन्छ !**

सम्पर्क नंम्बर 044-4555-8811
परामर्श समय 9:00~ 17:00

अनलाइन परामर्शको लागि
खावासाकी अन्तराष्ट्रिय केन्द्र होमपेज

**सम्बन्धित भाषाको अनुवादक/सल्लाहकार नभएको दिन पनि अनुबाद फोनबाट परामर्श गर्नेछौं।**

| भाषा | बार | भाषा | बार |
|---|---|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार सम्म | चिनियाँ | सोमबार देखि शनिबार सम्म |
| पोर्तुगाली | मंगलबार र शुक्रबार | स्पेनिश | मंगलबार र बुधबार |
| कोरियाली | मंगलबार र बिहीबार | फिलिपिन | मंगलबार र बुधबार |
| भियतनामी | मंगलबार र शुक्रबार | थाई | सोमबार र मंगलबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार | नेपाली | मंगलबार र शनिबार |

### प्रशासनिक अधिकृतद्वारा नि:शुल्क परामर्श सेवा

**प्रत्येक महिनाको तेस्रो आइतबार** ・परामर्श जापानी भाषामा मात्र हुन्छ, तर सशुल्क अनुवादक पनि रिजर्भ गर्न सक्नुहुन्छ।

अप्रिल 20 (आइत), मे 18 (आइत)14:00～16:00 (खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला, संघको बैठक रुम)